
## कमलामाई नगरपालिकाको

# आपत्कालीन शिक्षा योजना २०७९




## कमलामाई नगरपालिका

## सिन्धुली

कमलामाई नगरपालिकाको

# आपत्कालीन शिक्षा योजना २०७९

प्रकाशन: २०७९

प्रकाशक:

कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कमलामाई सिन्धुली ।

©सर्वाधिकार

प्रकाशकमा

# आपत्कालीन शिक्षा योजना २०७९

## शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना तुर्जमा समितिका पदाधिकारीहरुः

हितकुमारी पौडेल......... संयोजक

भीमविक्रम थापा.......... सदस्य

कृष्णप्रसाद निरौला............सदस्य

सन्तोषकुमार श्रेष्ठ..........सदस्य

रमेशप्रसाद देवकोटा.......सदस्य

टोमप्रसाद काफ्ले...........सदस्य

सकुन्तला श्रेष्ठ...........सदस्य

विवेचना थापा............सदस्य

रमनप्रसाद फुयाल..........सदस्य

## सल्लाहकार

उपेन्द्रकुमार पोखरेल (नगर प्रमुख)

मञ्जु देवकाटा (नगर उप्रमुख)

विशकसेन ढकाल (प्रमुख प्रशासकीय अधिकृत)

शंकरराज लुइटेल (नगर शिक्षा अधिकारी)

## प्राविधिक समिति

प्रमोद तिमल्सिना

सरजित तमाङ

## लेखन

पवन पाखीन

## सम्पादन

डा.हरिप्रसाद पोखरेल

# नगरप्रमुखको भनाई

कमलामाई नगरपालिकाको शैक्षिक व्यवस्थापन तथा आपत्कालीन अवस्थामा शैक्षिक निरन्तरताको लागि आपत्कालीन शिक्षा योजना निर्माण भएकोमा म अत्यन्त खुशी छु । नेपालको भू-अवस्थिति तथा भू-वनोटको प्रकृति अध्येताहरुले नेपाल भुकम्पीय जोखिम लगायत अन्य मौसमी र बेमौसमी खतरा उच्च रहेको देशको रुपमा रहेको तथ्य सार्वजनिक गरेका छन् । जलवायु परिवर्तन, भुमण्डलीकरण तथा विश्वब्यापी जलवायु परिवर्तनको प्रभावले पनि विभिन्न प्रकारका जोखिमहरु आइलाग्ने सम्भावना देखिन्छ । विकासको नाममा विनायोजना र जोखिम सम्भाव्यता अध्ययन नगरी खनिएका पहाडी सडकहरुको कारण बाढी पहिरोको जोखिम पनि नेपालको लागि चिन्ताको विषय बनेको छ । नेपालको सन्दर्भमा अव्यवस्थित सहरीकरण, नदी किनार तथा कमजोर धरातलीय अवस्थितिमा बनाइएका भौतिक संरचनाहरु पनि विपद् निम्त्याउने अर्को महत्वपूर्ण कारकको रुपमा रहेको देखिन्छ । कमलामाईको सन्दर्भ पनि हाम्रो राष्ट्रिय सन्दर्भसंग मिल्दोजुल्दो नै देखिन्छ ।

विपद व्यवस्थापन संयन्त्र प्रभावकारी नहुँदा वा आपतकालीन योजनाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको सार्थक व्यवस्थापन गर्न समेत हामी पटक पटक चुकिसकेका छौं । मानवीय वा प्राकृतिक कारणले सिर्जित आपतकालीन अवस्थामा उद्धार कार्यको प्राथमिकता गाँस, बास र कपास पर्ने गरेको विश्वव्यापी प्रचलनमा अब शिक्षा पनि मूल प्राथमिकतामा राखिनु पर्छ भन्न वहस जोडदार रुपमा उठ्ने गरेको पाइन्छ । शिक्षा नागरिकको नैसंर्गिक अधिकार भएको र जोखिम प्रभावितहरुको समग्र पक्षको व्यवस्थापन गर्न आवश्यक शिक्षाको प्रबन्ध मिलाउन सक्दा उनीहरुको दैनिकीलाई सहज बनाउन सकिने तथ्यहरु पनि उजागर भएको छ ।

यस योजनाले आपत्कालीन अवस्थामा पनि सिकाइ निरन्तरताको लागि सहयोग गर्ने भएकोले यसको प्रभावकारी कार्यान्वयनमा नगरपालिका क्रियाशील रहने छ । आपत्कालीन शिक्षा योजना निर्माणमा सहयोग गर्ने साझेदार संस्था प्लान इन्टरनेशनल तथा ह्याण्ड्स नेपाल सिन्धुलीप्रति अनुग्रही छु । योजना निर्माणमा प्रत्यक्ष सहयोग गर्नुहुने शिक्षा शाखा प्रमुख शंकरराज लुईटेल, ह्याण्ड्स नेपालका कार्यक्रम संयोजक प्रमोद तिमल्सिना, लेखन कार्यमा सहयोग गर्नुहुने पवन पाखीन, योजना निर्माण कार्यदलका साथीहरु लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहान्छु । आपत्कालीन शिक्षा योजनालाई सम्पादन गरी यो स्वरुपमा ल्याउन सहयोग गर्नुहुने शिक्षाविद् डा.हरिप्रसाद पोखरेल विशेष धन्यवादको पात्र हुनुहुन्छ ।

अन्त्यमा कमलामाई नगरपालिकाको शैक्षिक निरन्तरताको लागि यो आपत्कालीन शिक्षा योजना एउटा भरपर्दो मार्गदर्शन हुने विश्वास लिदै यसको प्रभावकारी कार्यान्वयनमा सघाउन सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछु ।

नगरप्रमुख

उपेन्द्रकुमार पोखरेल

# कमलामाई नगरपालिकाको आपत्कालीन शिक्षा योजना

# २०७९

## १. पृष्ठभूमी

शिक्षाले मानव जीवनयापन सहज र सुखी बनाउनुका साथै नवीनतम सोच र चिन्तन विकासमा सहयोग गर्दछ । व्यक्तिले विभिन्न तरिकाबाट प्राप्त गरेका ज्ञान, सीप र अनुभव एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै जाने क्रममा औपचारिक तथा अनौपचारिक शिक्षाको प्रादुर्भाव भएको पाइन्छ । यो संसारलाई हेर्ने हरेकको आआफ्नै दृष्टिकोण हुन्छ । हामीले यो संसारलाई आफ्नै आँखाबाट नियाल्दा देखिने, भोगिने र जानिने कुरा अरुको आँखाबाट हेर्दा अलि भिन्न हुन सक्छ । हाम्रो स्तर, क्षमता, सोचाइ, परिवेश, संस्कार, शिक्षा आदि विविध पक्षले पनि हाम्रा दृष्टिकोणहरुमा बद्लाव ल्याइदिन सक्छ । दृष्टिकोणमा भिन्नता रहन सक्छ । बुझ्ने र बुझाउने सन्दर्भलाई पनि भिन्न बनाइदिन सक्छ । हाम्रा मान्यता, विश्वास, चिन्तन, सोचाइ र बुझाइलाई सत्य नजिक, तथ्य समीप र स्वीकार्य बनाउन हाम्रा दृष्टिकोणहरु कति विश्वसनीय छन् या हाम्रो शिक्षाले हामीलाई के कसरी दिक्षित र निर्देशित गरेको छ भन्ने कुराले प्रभाव पारेको हुन्छ । यसो हुँदा हाम्रा ज्ञानको दायरा फराकिलो बनाउन समय सान्दर्भिक शिक्षाको आवश्यकता पर्दछ । शिक्षाको माध्यमबाट नै हामी हाम्रा योजनाहरुलाई समुदायको आवश्यकतासंग जोड्न सक्छौं ।  आजको युगमा शिक्षा एक योजनावद्ध प्रक्रियाको रूपमा प्रतिस्पर्धात्मक रूपबाट अघि बढिरहेको छ । समय सान्दर्भिक, मानवीय आवश्यकता सापेक्ष, वैज्ञानिक तथा व्यावहारिक शिक्षा प्राप्त गर्नु हरेक नागरिकको नैसर्गिक अधिकार हो भने यस्तो शिक्षाको सुनिश्चितता प्रदान गर्नु सरकारको दायित्व हो । आफ्नो क्षेत्राधिकारभित्र प्राप्त साधन श्रोतको आधारमा प्राथमिकताहरू निर्धारण गरी विविध कार्यक्रमहरूद्वारा आवश्यकता पूरा गर्न गराउन वस्तुनिष्ठ योजनाको आवश्यकता पर्दछ । शिक्षा क्षेत्रमा गरिने लगानीलाई योजना बमोजिम कार्यक्रमहरू सञ्चालन गरी साझा उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरूबीच हातेमालो गर्दै एकीकृत प्रणालीबाट शिक्षालाई प्रभावकारी बनाउन वस्तुनिष्ठ योजनाको जरुरत पर्दछ । यसै बमोजिम कमलामाईनगरपालिकाले आपत्कालीन अवस्थामा पनि शिक्षा प्राप्त गर्न पाउने बालबालिकाहरुको नैसर्गिक अधिकारलाई सुनिश्चितता गर्न आपत्कालीन शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरेको हो ।

नेपालको सन्दर्भमा राज्य पुनः संरचनासँगै माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिइएको सन्दर्भमा कमलामाईनगरपालिकाभित्र सञ्चालित माध्यमिक तहसम्मको विद्यालयहरूको स्तर वृद्धि, भौतिक व्यवस्थापन, आर्थिक सुशासन मार्फत् अनुशासित र गुणस्तरीय जनशक्ति उत्पादन गर्ने दायित्व कमलामाईनगरपालिकाको रहेको  छ । यसै कुरालाई आत्मसात् गर्दै कमलामाईनगरपालिकाको विशिष्ट अवस्थाको जगमा आपत्कालीन शिक्षा योजना निर्माण र कार्यान्वयन गरी सिकाइ निरन्तरताको अवस्था सिर्जना गर्न खोजिएको छ ।

समग्रमा शैक्षिक हिसाबले तथा जोखिम सम्भाब्यताको हिसावले विभिन्नतामा रहेका बालबालिकाहरूलाई सुरक्षाको प्रत्याभूति गराउँदै सुरक्षित तवरले विद्यालयमा आउन र ज्ञान आर्जन गर्न सहयोग पुगोस भन्ने उद्देश्यका साथ कमलामाई नगरपालिका परिवेशसापेक्ष यो आपत्कालीन शिक्षा योजना निर्माण गरिएको हो ।

## १.१. आपत्/विपद्

आपत् तथा विपद् भनेको अनपेक्षित रुपमा आइलाग्ने असहज परिस्थिति हो । अकस्मात् कुनै घटना घटेर जनधनको ठूलो क्षति भई सामाजिक जनजीवनमा प्रतिकूल असर पुर्‍याउँछ भने त्यस्तो घटनालाई विपद् भनिन्छ । प्राकृतिक कारणले जनधनको ठूलो क्षति पुगी सामाजिक जीवनमा दीर्घकालीन असर पुर्‍याउँछ भने त्यस्ता घटनालाई प्राकृतिक विपद् भनिन्छ । जस्तै : भूकम्प, ज्वालामुखी, बाढी, पहिरो, आँधीबेहरी, हुरी, असिना, चट्याङ, आदि । यस्तै गरी मानिसका विविध क्रियाकलापका कारणले उत्पन्न हुने घटनाबाट क्षति पुगी जनजीवनमा असर पुर्‍याउँछ भने त्यस्ता मानव सिर्जित विपद् हुन् । जस्तै : मरुभूमिकरण, रासायनिक दुर्घटना, यातायात दुर्घटना आदि ।

कमलामाई नगरपालिकाको सन्दर्भमा भुकम्प, बाढी, पहिरो, महामारी, खडेरी, शितलहर, चट्याङ, हिंसक जनावरको आक्रमण, हुरी वतास, आगलागी जस्ता मौसमी तथा वेमौसमी विपद्हरुको कारण विद्यालयमा  भौतिक क्षति, सिकाइमा अवरोध, विचैमा कक्षा छोड्ने दरमा बृद्धि जस्ता समस्याहरु पनि विद्यमान छन् । यसो हुँदा बालबालिकाहरुले विद्यालयमा सुरक्षित भई गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिरहेको अवस्था छैन ।

### १.२. आपत्कालीन शिक्षा

जहाँसम्म आपत्कालीन शिक्षाको सन्दर्भ छ, यो भनेको आपत वा विपद्बाट प्रभावित बालबालिकाहरु तथा वयस्कहरुको स्वास्थ्य, शिक्षा, मनोविज्ञान, जीवनयापन तथा सहज समायोजन सम्वन्धी ज्ञान, सिप प्रदान गरिने शिक्षा हो । उनीहरुको गाँस, वास, कपासको व्यवस्थापनसंगै आपत वा विपद्मा पनि परिस्थितिजन्य असहजतालाई सहजतामा रुपान्तरण गर्ने भरपर्दो माध्यम पनि आपतकालीन शिक्षा हो । प्रभावित बालबालिकाहरुलाई मनोसामाजिक परामर्श तथा आवश्यक मार्गदर्शन गर्न पनि आपत्कालीन शिक्षाले सघाउँछ । आपतकालीन अवस्थामा पनि शिक्षा प्राप्त गर्ने नागरिकको अधिकारलाई प्रत्याभूत गराउन सक्दामात्र सरल र सहज जीवनयापनको अवस्था सिर्जना गर्न सकिन्छ । विपद् प्रभावित बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, सम्वेगात्मक पक्षको समुचित ख्याल गर्दै मनोवैज्ञानिक सहजता कायम गर्न तथा सहज समायोजनको वातावरण निर्माण गर्न आपत्कालीन शिक्षा महत्वपुर्ण हुने देखिन्छ । यस्तो शिक्षा औपचारिक भन्दा बढि परिस्थिति सापेक्ष र अनौपचारिक प्रकृतिको हुने हुँदा नियमित तथा औपचारिक शिक्षाको विकल्पमा भन्दा पनि सहयोगीको रुपमा हुन आवश्यक हुन्छ । विपद्को अवस्थामा स्वभाविक रुपमा नियमित र औपचारिक शिक्षाको निरन्तरता जटिल हुन सक्छ । यस्तो अवस्थामा कुनै न कुनै उपयुक्त विकल्प सहितको वैकल्पिक शिक्षा र सिकाइ

निरन्तरताका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ । आपत्कालीन शिक्षा योजना निर्माण नहुँदा वि.स. २०७२ सालको भुकम्प पछि लामो समयसम्म बालबालिकाहरु शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित भए । उनीहरुमा उत्पन्न त्रास र मनोबैज्ञानिक संकटले पनि सहज समायोजनमा समस्या पैदा भयो । त्यसै गरी सन् २०१९ देखी अप्रत्यासित रुपमा विश्वब्यापी विपद् (महामारी) कोभिड–१९ को कारण विश्व नै नराम्ररी प्रभावित भएको सन्दर्भमा यसबाट भएको शैक्षिक क्षति पुर्ति गर्न अझैपनि सकस भइरहेको अवस्था छ । कतिपय देशहरुमा आपत्कालीन शिक्षा योजना निर्माण गरी सिकाइ निरन्तरताका आसलाग्दा प्रयासहरु पनि भए । कोभिड १९ को असहज परिस्थितिमा पनि शिक्षण सिकाइका वैकल्पिक माध्यमहरुको प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा बढोत्तरी भएको पाइयो । तर, हाम्रो सन्दर्भमा भने आपतकालीन शिक्षा व्यवस्थापन अपेक्षाकृत रुपमा सफल बनाउन सकिएन । अनपेक्षित रुपमा आइपरेको कोरोना महामारीको चुनौतिलाई अवसरमा बदल्ने कार्यमा केही शैक्षिक संस्थाहरुले वैकल्पिक सिकाइमार्फत सिकाइ निरन्तरता दिदै शैक्षिक क्षति न्युनिकरणमा उल्लेख्य योगदान दिने काम पनि भए । विगतका अनुभव र भोगाईबाट पाठसिक्दै आपतकालीन शिक्षा योजना निर्माण गर्ने अभ्यासहरुको सुरुवात भएपनि समय, सन्दर्भ र परिवेश अनुकूल स्थानीय परिवेश सापेक्ष आपत्कालीन शिक्षा योजना निर्माण आजको प्रमुख आवश्यकता बनेको देखिन्छ । संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले अब आपतकालीन शिक्षा योजना निर्माण गरी संभावित शैक्षिक क्षतिलाई न्युनिकरण गर्न सक्नु पर्दछ । आपत्कालीन शिक्षा भनेको केवल शैक्षिक क्षति कम गर्ने, सिकाइ निरन्तरताको वन्दोवस्ती मिलाउने कार्य मात्र होइन यो त प्रभावितहरुलाई सुरक्षित हुने, सम्भावित शोषण र हिंसावबाट बच्ने र सारमा सहज समायोजनमा सघाउने शिक्षा पनि हो ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय क्षेत्र विकासका लागि रणनीतिक रूपमा विद्यालय क्षेत्र विकास योजना (वि.सं.२०७३/०७४-२०७९/०८०) लागू गरेको छ । बृहत् विद्यालय सुरक्षामा विपद् उत्थानशीलता अभिवृद्धि गर्नु यस योजनाको महत्वपूर्ण कार्य हो । यस कार्यलाई सुनिश्चित गर्न बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज निर्माण गरी प्रत्येक विद्यालयको सुरक्षा सुनिश्चित गर्न स्थानीय तह, प्रादेशिक र सङ्घीय सरकारको भूमिका निर्धारण गरेको छ ।

विपद् व्यवस्थापनको सन्दर्भको कुरा गर्ने हो भने पनि नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ मा भएको व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले जोखिम व्यवस्थापन गर्न नीतिगत र कानूनी आधार प्रशस्त गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले केन्द्रदेखि स्थानीय तह सम्म संस्थागत व्यवस्थाहरु गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिति, प्राधिकरण, प्रदेश र जिल्ला तहका समितिहरुको प्रवन्ध गरेको छ । साथै पालिका तहमा पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको गठन एवंम काम कर्तव्य र अधिकारहरुको व्यवस्था गरेको छ ।

## १.३. आपत्कालीन शिक्षा योजना

विद्यालयमा विपद् व्यवस्थापनको मुख्य अभिप्राय विद्यालयलाई विपद्अघि, विपदको समयमा र विपद्पछि पनिआवश्यक सुरक्षाको अनुभूति दिनु हो । किनभने बालबालिकाहरु अध्ययन गर्ने मुख्य स्थानका रुपमा रहेको विद्यालय विपद्का सम्भावित घटनाहरुबाट सुरक्षित रहन आवश्यक हुन्छ। विपद् व्यवस्थापन तथा न्युनिकरण र सुरक्षा सम्बन्धी शिक्षाका लागि भैपरी आउने योजना बनाउने कुरा गर्दा विपद् व्यवस्थापन सित विद्यालय सुरक्षाको कुरा जोडिएर आउँछ । बालबालिकाहरुलाई विपद्युक्त घटनाको सन्त्रासबाट मुक्त बनाउन र ढुक्क भएर पढन पाउने वातावरणको सिर्जना गर्न आवश्यक छ। त्यस्तै विद्यालयमा प्रकोपको समयमा चुनौतीको सामना गर्न र प्रकोपपश्चात् कक्षाहरु सुचारु रुपले सञ्चालन हुन कुनै अवरोध सञ्चालन हुन आवश्यक छ । विपद् व्यवस्थापनलाई विद्यालय सुरक्षाको अवधारणाबाट अलग गरेर बुझियो भने त्यो अधुरो रहन सक्दछ । यसैले विद्यालय सुरक्षा अभिवृद्धि र विपद् व्यवस्थापनका रणनीतिहरुलाई एकीकृत रुपमा तय गर्न जरुरी छ ।

सम्भावित आपत्कालीन अवस्थाको आँकलन गर्न तथा सोही अनुरुपका व्यवस्थापकीय पक्षहरुको बन्दोवस्ती मिलाउन  आपत्कालीन शिक्षा आवश्यक हुन्छ । आपत्कालीन शिक्षा योजनाले मूलतः असहज परिस्थितिमा पनि प्रभावित व्यक्तिहरुलाई सहज जीवनयापन र सिक्न पाउने अधिकारको सुनिश्चिता गर्ने प्रयास गर्दछ। शिक्षाका लागि न्युनतम मापदण्ड पूर्व तयारी, प्रतिकार्य र सुधारका मार्ग पहिल्याउन आपत्कालीन शिक्षा आवश्यक हुने भएकोले स्थानीय विशिष्ट अवस्थाको जगमा यसको निर्माण बाञ्छनीय हुन्छ। हाम्रा परिवेशमा घट्न सक्ने सम्भावित विपद्हरु, त्यसको समाना गर्ने संयन्त्र निर्माण र प्रभावित बालबालिकाहरुको शिक्षा, स्वास्थ्य, पोषण र अनुकुलित वातावरण निर्माणका लागि सान्दर्भिक वैकल्पिक सिकाइ संयन्त्रहरुलाई उपयोगमा ल्याउनुपर्ने हुन्छ । आपतकालीन शिक्षा योजनाले सम्भावित विपद्प्रति सजग हुन र भैपरी आउने असहज परिस्थितिमा पनि सिकाइ निरन्तरताको उपयुक्त विकल्प उपयोग गर्न सघाउने भएकोले पनि यसको आवश्यकता महशुस गरिएको हो । गतबर्ष शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७ लाई आवश्यकतानुसार सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्दै सिकाइ निरन्तरताको उत्तम विकल्पको उपयोगमा समुचित ध्यान दिनसक्दा सिकाइ निरन्तरता सभ्भव हुन सक्छ । यसो हुँदा सवै स्थानीय तहले आफ्नो परिवेश सापेक्ष आपत्कालीन शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्न सके सवै बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चिता गर्न सकिने सम्भावना रहन्छ ।

## १.४. आपत्कालीन शिक्षाको औचित्य

- कमलामाई नगरपालिकामा रहेका विद्यालयहरुको आपत्कालिन अवस्था पहिचान, साधनस्रोत नक्साङ्कन र क्षमता लेखाजोखा गर्न यस योजनाले सहयोग गर्ने हुँदा जसबाट विद्यालयहरुको जोखिमको अवस्था ज्ञात हुन्छ र सोही अनुसार प्रतिकार्य योजना बनाउन सकिन्छ ।

- विद्यालय परिवार (विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक),समुदाय र सरोकारवालाहरुलाई शैक्षिक आपत्कालिन अवस्था व्यवस्थापनबारे क्षमता अभिवृद्धि गर्नको लागि आधार प्राप्त हुन्छ ।
- आपत्कालिन घटनाको बेलामा गर्नु पर्ने प्रतिकार्यलाई व्यवस्थित गर्न र आपतकालीन मानवीय सहयोगका क्षेत्रहरु निर्धारण गरी आपतको समयमा गरिने सबै प्रकारका सहयोगलाईव्यवस्थित गर्न सहयोग गर्छ ।
- यो योजनाले समुदायमा उपलब्ध स्रोत साधनको आँकलन गरी विपद्को पूर्वतयारी गर्न सहयोग गर्दछ ।
- आपतकालिन अवस्थाको सामना गर्न आवश्यक अल्पकालिन र दिर्घकालिन योजनाबनाउन सहयोग गर्दछ।
- यस योजनाले जिम्मेवार कार्यसमूहलाईसंकटको बेलामा उत्पन्नहुनसक्ने समस्याको बारेमा अनुमान गर्न, दृष्टिकोण बनाउनर समाधान गर्नसघाउँछ ।
- विद्यालयहरु हुन सक्ने क्षतीहरुको आँकलन गर्न र क्षती विवरण अभिलेख गर्न सहयोग गर्दछ ।
- आपतकालिन जोखिम कम गर्न सरोकारवाला र समुदायलाई सामूहिक रुपमा कार्य गर्ने प्रेरणा दिन्छ र सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- उद्धार र राहत वितरण कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपतकालिनसमयमा सूचना र जानकारी प्रक्षेपणलाई सिघ्र र व्यवस्थित तथा विस्वसनिय बनाउन सहयोग गर्छ ।
- पूर्वतयारी र प्रतिकार्य योजनामा नगरपालिकालाई जोखिम व्यवस्थापन योजना बनाउनर उत्तरदायी भई आपतकालिन कोषको स्थापना गर्न उत्प्रेरित गर्दछ ।
- यस योजनकाको पहिलो प्रयोगकर्ता र कार्यान्वयनकर्ताहरुमा नगरपालिका र विद्यालयहरु हुन् । त्यसपछि स्थानीयजनप्रतिनिधिहरु, जिल्लाभित्रका स्थानीय तहहरु, विद्यालय तथा अन्य सामाजिक सङ्घसंस्थाहरू र प्रादेशिक र सङ्घीय सरकारको लागि यो योजना एक सहयोगी सामाग्रीको रुपमा प्रयोग गर्न सक्नेछन् ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावकसंघलाई सम्भावित विपद् तथा भैपरि आउने असहज परिस्थितिको बारेमा र विद्यालय सुरक्षाको बारेमा यथोचित जानकारी लिन र विपद् व्यवस्थापनमा सहयोगी बन्न उत्प्रेरित गर्दछ ।
- बाल क्लबलाई जोखिम आँकलन गर्न, विपद व्यवस्थापन सम्बन्धी आवश्यक जानकारी दिई आपत्कालीन शिक्षा व्यवस्था कार्यान्वयन गर्न उत्साहित बनाउन समेत आपत्कालीन शिक्षा योजनाले सघाउँछ ।

## १.५ आपत्कालीन योजनासंग सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था

### १.५.१ राष्ट्रिय नीति र कानून

- नेपालको संविधानको अनुसूची ६, ७, ८र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ र यसको नियमावली,२०७६,शिक्षा ऐन, २०२८, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७५ विद्यालय क्षेत्र विकास योजना, बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५र स्थानीय सरकार संचालन ऐन, २०७४ यस शिक्षा सम्बन्धी आपत्कालिका योजनाको नीतिगत र कानूनी आधारहरु हुन् ।
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा भएको व्यवस्था अनुसार हरेक स्थानीय तहमा रहेको विपद् व्यवस्थापन कोषको निश्चित रकम विपद् प्रतिकार्यको लागि छुट्ट्याउनु पर्नेछ ।
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (संसोधन, २०७५) अनुसार आपत्कालिन अवस्थालाई सिघ्र व्यवस्थापन गर्न समन्वय र सहकार्य सकिने व्यवस्था उल्लेख गरिएको छ ।
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्धारा जारी बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०७५ अनुसार बृहत् विद्यालय  सुरक्षा न्युनतम प्याकेजले गरेको व्यवस्था अनुरुप देशका सबै भौगोलिक क्षेत्रका सबै तहका निजी सार्वजनिक विद्यालयको न्युनतम् सुरक्षा सुनिश्चित गर्नु, सवै क्षेत्रका सरोकारवालाको भूमिका र जिम्मेबारी प्रस्ट पार्नु, कार्यान्वयन गर्न सहयोग गर्नु प्रमुख उद्देश्य रहेको छ ।

### १.५.२. नगरपालिकाको नीति र कानून

- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को पालिका स्तरीय विपद् व्यवस्थापन समितिकोगठन गरि कार्यान्वयन गरिएको छ ।
- विद्यालय सुधार योजनामा आपत्कालीन अवस्थामा शिक्षा ब्यवस्थालाई व्यवस्थापन गर्न विद्यालय स्तरीय योजना निर्माणको व्यवस्था गरिएको छ ।
- वडा स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरिएको छ ।

## १.६ .योजना निर्माण प्रकृया

कमलामाई नगरपालिकाले पालिकाका मूख्य सरोकारवाला सबैलाई समावेश गरी यस शिक्षा सम्बन्धी आपत्कालिन योजना निर्माण १ दिने कार्यशाला सम्पन्न गरेको छ । पालिकाका वडाध्यक्षहरु, विद्यालयका प्रधानाध्यापक र शिक्षकका प्रतिनिधिमुलक संघ/संस्थाका प्रमुख तथा प्रतिनिधिहरु लगायत अन्य विपद्सँग सरोकारवालाहरूको उपस्थिति एंव सक्रिय सहभागिता रहेको थियो । उक्त कार्यशालामा

सहभागीहरुले व्यक्तिगत तथा समुहगत तवरले योजना तर्जुमा गर्न योगदान गरेका थिए । सहभागीहरुको समूह अभ्यासबाट धेरै महत्वपूर्ण जानकारी, सुचना र तथ्याङ्क एंव सुझावहरु संकलन गरिएको थियो। सहभागिहरुले कमलामाईनगरपालिकाको योजना कस्तो बनाउने भन्ने बारेमा पनि आ-आफ्नो राय राखेका थिए। प्रत्यक्ष सहभागिहरुबाट प्राप्त महत्वपूर्ण जानकारी तथा तथ्याङ्कहरुलाई यस योजना तर्जुमा कार्यमा मुख्य आधारको रुपमा लिईएको छ । साथै आवश्यकता अनुसार केही अनिवार्य प्राविधिक कार्य र सहायक सन्दर्भ अध्ययन तथा विश्लेषणलाई पनि समावेश गरिएको छ ।

कमलामाई नगरपालिकाको आपत्कालीन शिक्षा नीति निर्माण गर्दा विद्यमान नीति र कानूनी व्यवस्थाहरुको आधारमा सर्वमान्य विधि र प्रक्रिया जस्तै उद्देश्यमूलक लक्षित समूह छलफल, जानिफकारसंगको छलफल, आवश्यक नीतिगत प्रावधानहरुको अध्ययन र शिक्षा संयोजकसंग अन्तरवार्ता आदी को उपयोग गरिएको छ।कार्यशालाको अन्त्यमा सहभागिहरुका छलफलबाट आएका सुझावहरुको आधारमा तयार पारिएको योजनाको सम्भावित खाका प्रस्तुत गरिएको थियो।विज्ञको सहजिकरणमा तयार गरिएको यस योजनालाई अन्तिम रुप दिन एक मस्यौंदा समितिको गठन गरिएको थियो ।उक्त समितिले यस योजनालाई अध्ययन गरी आवश्यकता अनुसार परिमार्जन गर्दै अन्तिम स्वरुप दिएको छ। यस योजना तर्जुमाको सुरुवात गरी कमलामाईनगरपालिकाले जिल्लामा नै उदाहरणीय कार्य गरेको छ । ह्याण्ड्स नेपालको सहयोग प्लान इन्टरनेशनल नेपालको साझेदारी र कमलामाई नगरपालिकाको आयोजनामा कमलामाईनगरपालिकाको आपत्कालीन शिक्षा नीति निर्माण कार्य पालिकाका जिम्मेबार व्यक्तिहरुसंगको सार्थक अन्तरक्रियाबाट तयार पारिएको र आपत्कालीन परिस्थिति व्यवस्थापन र यससंग सम्बन्धित मौजुदा नीति, नियमहरुलाई आवश्यकतानुसार उपयोग गरिएकोले पनि यो नीति एक महत्वपूर्ण दस्तावेज बन्न सकेको विश्वास गर्न सकिन्छ ।

## १.७. योजनाको सीमितता

कमलामाई नगरपालिकाको आपत्कालीन शिक्षा नीति मूलतः कमलामाईनगरपालिकाको भौगोलिक अवस्थिति, सम्भावित जोखिम, यहाँका विद्यालयहरुको अवस्थिति, नगरपालिकाको संरचना र आवश्यकता समेतलाई ख्याल गरी तयार गरिएकोले यस योजना कमलामाईनगरपालिकामा सीमित रहने छ । तर, यस योजनालाई आवश्यकतानुसार अन्य पालिकाले पनि उपयोग गर्न सक्ने गुञ्जाइस छ ।

यस योजनाका निम्नानुसार सीमितता रहेको छः

१.यो योजना कमलामाई नगरपालिकाको पालिका प्रतिनिधि तथा शिक्षकका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरु, कर्मचारी र विद्यालय परिवारको मूख्य व्यक्तिहरुको संलग्नतामा आपत्कालिन शैक्षिक अवस्थाको व्यवस्थापन गर्नको लागि मात्र तर्जुमा गरिएको हो ।

२. विशेषगरी सुरक्षित सिकाइ सुविधा (Safe Learning Facilities), विद्यालय विपद् व्यवस्थापन (School Disaster Management) र विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा(Disaster Risk Reduction and Resilience Education) मा जोड दिएको हुँदा यस योजना यिनै विषयहरुमा केन्द्रित रहेको छ ।

३. यो योजना मूलतः विद्यालयमा हुन सक्ने आपत्कालिन अवस्थाको लागि तयार गरिएको हुँदापूर्वतयारीका कार्यहरुजस्तैः क्षमता वृद्धि र सामुदायिक सचेतीकरण जस्ता कार्यक्रमहरु निरन्तर गरिरहनु पर्ने हुन्छ । तर प्रतिकार्यका कार्यहरु आपतकालिन घटना नघटे सम्म पूर्वतयारी कै अवस्थामा तर प्रत्यक्ष संलग्न हुने प्रतिनिधि र कर्मचारीहरुको जानकारीमा मात्र सिमित रहनेछन् ।


४.विद्यालयमा हुन सक्ने ठूला आपत्कालिन घटनामा यस योजनाको आधारमा अनुभवी र प्राविधिक मानव संसाधन, उपकरण र पूँजीको परिचालन गर्न संघीय र प्रादेशिक नीतिगत र कानूनी प्रावधानहरु स्वंत आकर्षित हुनेछन् ।

५.यो योजना कमलामाईनगरपालिका अन्तर्गत विद्यालय वा विद्यालय सेवा क्षेत्रमा मात्र लागू हुने गरी छोटो समयमा तयार गरिएको हो । आपत्कालिन अवस्थाहरुको गतिशिलतासंगै यसमा पनि समय सापेक्ष परिमार्जन गर्न सकिने छ ।

# २. स्थानीय विपद् व्यवस्थापन समितिको जिम्मेवारी

## २.१संस्थागत संरचना

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था गरिएको संस्थागत संरचनाः



## २.२.स्थानीय विपद् व्यवस्थापन समिति

स्थानीय विपद् व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थाको कुरा गर्दा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ दफा १७ मा स्थानीय विपद् व्यवस्थापन समितिको गठन र काम कर्तव्य र अधिकारको बारेमा व्यवस्था छ। सो ऐन अनुसार नगरपालिका अध्यक्षको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको एक नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ ।उक्त विपद् व्यवस्थापन समितिकोकाम, कर्तव्य र अधिकारनिम्नानुसार रहेको छः

- परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुनेगरी स्थानीयविपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
- स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,
- सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र सलगनतामांविपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,
- भौतिक संरचना निर्माण गर्दा भवन आचार संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,
- स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद्साँग सम्बन्धितयोजना तथा योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुना साथ प्रतिकार्यका लागि परिचालित हुन समुदाय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

## २.३. कमलामाई नगरपालिकाका विद्यालय सम्बन्धी विवरण

| सि.नं. | विद्यालयको तह | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास केन्द्रको संख्या | ८४ | २४ | १०८ | |
| २. | कक्षा ० देखि ३ विद्यालय संख्या | १७ | १ | १८ | |
| ३. | कक्षा ० देखि ४ विद्यालय संख्या | ३ | ० | ३ | |
| ४. | कक्षा ० देखि ५ विद्यालय संख्या | ३० | ३ | ३३ | |
| ५. | कक्षा ० देखि ८ विद्यालय संख्या | ८ | ४ | १२ | |
| ६. | कक्षा ० देखि १० विद्यालय संख्या | ८ | १४ | २२ | |
| ७. | कक्षा ० देखि १२ विद्यालय संख्या | १८ | २ | २० | |
| **जम्मा** | | ८४ | २४ | | |

## २.४. कमलामाई नगरपालिकाका शिक्षक सम्बन्धी विवरण

| सि.नं. | तह | कक्षा | दरवन्दी | अस्थायी | प्राविधिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | माध्यमिक | कक्षा ११-१२ | ० | ३५ | ६ | ४१ |
| | | कक्षा ९-१० | ३८ | ८ | ३२ | ७८ |
| २. | आधारभुत तह | कक्षा ६-८ | ४१ | ८ | ४३ | ९२ |
| | | कक्षा १-५ | २२१ | २६ | १०६ | ३५३ |
| ३. | बालविकास | कक्षा० | ० | ६९ | ० | ६९ |
| जम्मा | | | ३०० | १४६ | १८७ | ६३३ |

## २.५. कमलामाई नगरपालिकाका विद्यार्थी सम्बन्धी विवरण

| सि.नं. | तह | कक्षा | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | माध्यमिक | कक्षा ११-१२ | १२९६ | १०३९ | २३३५ | |
| | | कक्षा ९-१० | १५६० | १५८० | ३१४० | |
| २. | आधारभुत तह | कक्षा ६-८ | २१२९ | २६१४ | ४७४३ | |
| | | कक्षा १-५ | ४२४९ | ४६४७ | ८८९६ | |
| ३. | बालविकास | कक्षा० | ११९५ | १४३४ | २६२९ | |
| जम्मा | | | १०४२९ | ११३१४ | २१७४३ | |

## २.६. कमलामाई नगरपालिकाको सम्भावित जोखिमहरू

१. बाढी २. पहिरो ३. हावाहुरी ४. बर्षा ५. भुकम्प ६. आगलागी७.चट्याङ्ग ८. असिना ९.खडेरी १०. सडक दुर्घटना ११. महामारी १२.जनावर आतंक

## २.७. कमलामाई नगरपालिकामा विपद्को समयरेखा र शिक्षामा प्रभाव

| साल | घटनाहरू | असर र प्रभाव |
|---|---|---|
| २०४१ | वाढी | मानवीय क्षति, खेतीयोग्य जमीनको कटान, धेरै विद्यालयहरुमा बाढी पहिरोद्धारा क्षति, विद्यालय आउनको लागि विद्यार्थी भाई बहिनीहरुलाई बाटो देखि विद्यालयमा समेत बाढी पहिरो पसेर कक्षाकोठा समेत पठनपाठन योग्य नरहेको । |

| साल | घटनाहरू | असर र प्रभाव |
|---|---|---|
| २०४५ | भुकप्प | कमलामाई नगरपालिकाका अधिकाँस विद्यालयमा सामान्य देखि ठुलो स्केलमा क्षति । भवनहरु चर्केको अवस्था रहेकोले पठनपाठन गर्न कठिन |
| २०५० | बाढी | खेती योग्य जमीन कटान, धेरै विद्यालयहरुमा बाढीपहिरो परि प्रभावित भइ पठनपाठन गर्न कठीन अवस्था |
| २०७२ | भुकम्प | अधिकांश विद्यालय क्षतिग्रस्त, मानवीय क्षति पनि भएकाले सबै जना त्रसित अवस्था, कक्षाकोठाहरु अधिकांस पूर्णरुपमा क्षतिग्रस्त भएकाले र भुकम्पको तरंग पटकपटक आएकाले बालबालिकाहरु विद्यालयमा जान अनिच्छुक साथै अभिभावक समेत विद्यालयमा पठाउन सहमत नभएको । |
| २०७६ देखी हालसम्म | कोभिड-१९ | विश्वव्यापीरुपमा आतंकित बनाएको कोरोना महामारीद्धारा मानविय तथा आर्थिक क्षति, लकडाउनको कारणले सम्पुर्ण विद्यालय बन्द रहेको, सबैजना त्रसित अवस्थामा रहेकाले विद्यालय खोल्न असम्भव, खोलीसकेपछि पनि मास्क, स्यानिटाइजर र पटकपटक सावुनपानीको प्रयोग गर्नुपर्ने भएकाले आर्थिक बोझ । |
| २०७० देखी हालसम्म | जनावर आतंक | कमलामाई नगरपालिकाको वार्ड नं. ८, ९, १०, १३ र १४ का विद्यार्थीहरुलाई विहान बेलुका पढाई सकेर फर्केर जाने क्रममा हात्ती लगायत अन्य जनावरले आतंकित बनाइरहेको साथै रातीको समयमा पटकपटक घरमा आएर क्षति पुर्‍याएकाले मानसिक र आर्थिक बोझ । |

## ३. कमलामाई नगरपालिकाको उच्च जोखिम क्षेत्रका विद्यालयहरु

| वडा | विद्यालयको नाम | पहिरो | नदि कटान र बाढी | आगलागी | असिना | हुरी वतास | भुकम्प | चट्याङ | विपद्को प्रभाव | संकटासन्नता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री शिखर मावि बेल्टार | ✓ | ✓ | | | | ✓ | ✓ | विद्यालयमा विद्यार्थीहरु आउन कठिन, बाढी पस्ने र माथिबाट पहिरा आउने त्रास | बाढी ठुलो आएको अवस्थामा बास बस्न बस्ती नरहेको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | मावि निबुवाटार | ✓ | | | | ✓ | ✓ | ✓ | विद्यालयमा आउन कठीन, सुरक्षित स्थानको अभाव | बाटोघाटो बन्द हुने अवस्था |
| ३ | श्री जलकन्या चपौली | ✓ | | | | | ✓ | | कक्षाकोठाहरु अन्य बैकल्पिक नभएकाले निरन्तर शिक्षणमा कठीन | निरन्तर शैक्षिक क्रियाकलापका लागि कठीन |
| ४ | मावि ढुंग्रेबास | | ✓ | | | | ✓ | ✓ | कक्षाकोठाहरु अन्य बैकल्पिक नभएकाले निरन्तर शिक्षणमा कठीन | निरन्तर शैक्षिक क्रियाकलापका लागि कठीन |
| ५ | श्री जनज्योती मावि फोश्रेटार, कमला मावि सिलामे | ✓ | ✓ | | | | ✓ | ✓ | विद्यालयमा बाढी पस्ने सम्भावना र पहिरोले तानिरहेको अवस्था | विद्यार्थीहरुलाई मानसिक तनाव |
| ६ | नवज्योती मावि, सिद्धबाबा मावि, जनता मावि | ✓ | ✓ | | | | ✓ | | विद्यालयमा बाढी पस्ने सम्भावना र पहिरोले तानिरहेको अवस्था | विद्यार्थीहरुलाई मानसिक तनाव |
| ७ | कालिका मावि, निमावि बाँसकटेरी र थाक्ले | ✓ | | | | | ✓ | ✓ | विद्यालय पहिरोले तान्ने सम्भावना रहेको | पर्याप्त खुल्ला ठाउँ नभएर संकट अवस्थाको संकट |
| ८ | प्रावि बाघछेडा, प्रावि ठुल्डाँडा, प्रावि पन्नेसी | ✓ | ✓ | | | | ✓ | ✓ | बाघछेडा र ठुल्डाँडा दुबैतिर पहिरोका कारणले विद्यालय आउन कठिन र पन्नेसी प्राविमा खोला तरेर आउन कठीन | भुबनोटका कारणले विद्यालयबाट फर्किन कठिन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | मावि भीमान | | ✓ | | | | ✓ | ✓ | खोला तरेर विद्यालय आउन कठीन, जेब्रा क्रसको अभाव | विद्यार्थीहरुको विद्यालय उपस्थितीमा कमी |
| १० | प्रावि रानीचुरी, ज्यामिरे, भँडार | ✓ | ✓ | | | | ✓ | ✓ | पहिरो र अन्य विपद्को कारणले विद्यार्थी आउन कठिन | भुबनोटका कारणले विद्यालयबाट फर्किन कठिन |
| ११ | ज्ञानोदय मावि भीरगाउँ, जनजागरण प्रावि छतिवन | ✓ | | | | | ✓ | ✓ | पानी परेको बेला विद्यार्थीहरु विद्यालयमा आउन नमन्नु | पहिरो परेको अवस्थामा नजिक वस्ने ठाउँ नहुनु |
| १२ | मावि टंसार, मावि कुण्डेश्वर | ✓ | ✓ | | | | ✓ | ✓ | विद्यालयको पछाडी र अगाडी भागमा पहिरो लाग्नु | सुरक्षित ठाउँको अभाव |
| १३ | मावि मथिल्लो रानिबास | ✓ | | | | ✓ | ✓ | ✓ | हात्ती आतंक लगायत हावाहुरीका कारणले विद्यार्थीहरुलाई आवतजावत गराउन कठीन | सुरक्षित ठाउँको अभाव र जेब्रा क्रसहरु सडकमा नहुनु |
| १४ | मावि तल्लो रानिबास | | ✓ | | | ✓ | ✓ | ✓ | हात्ती आतंक लगायत हावाहुरीका कारणले विद्यार्थीहरुलाई आवतजावत गराउन कठीन | सुरक्षित ठाउँको अभाव र जेब्रा क्रसहरु सडकमा नहुनु |

## ३.१.अनुमानित विपद् अवस्थाः

| विपद् | सम्भावित प्रभावित हुन सक्ने विद्यालय संख्या | बलबालिका | अपाङ्गता भएका व्यक्ति | संकटसन्नता | जम्मा | तथ्याङ्क |
|---|---|---|---|---|---|---|
| बाढी पहिरो | ७० वटा | विद्यालयका अधिकांस विद्यार्थी प्रभावित | विद्यार्थी तथा समुदायका व्यक्तिहरु | आपङ्ग, बालबालिका, जेष्ठ नागरिक | १०,००० जना | स्थानिय विपद् तथा जलवायु उत्थानशलि योजना र छलफलबाट |
| हावाहुरी | २० वटा | समुदाय तथा विद्यालयका प्रभावितहुन सक्ने | प्रभावित | समुदाय र विद्यालय | ५०० जना | स्थानिय विपद् तथा जलवायु उत्थानशलि योजना र छलफलबाट |
| भुकम्प | सबै विद्यालय र समुदाय | सबै प्रभावित हुन सक्ने | सबै प्रभावित हुन सक्ने | सबै प्रभावित हुन सक्ने | | स्थानिय विपद् तथा जलवायु उत्थानशलि योजना र छलफलबाट |
| आगालागी | ५ विद्यालय र समुदाय | १०००० जना | ५० जना | २० जना | १२०० जना | स्थानिय विपद् तथा जलवायु उत्थानशलि योजना र छलफलबाट |
| चट्याङ्ग | सबै विद्यालय र समुदाय | ५००० जना | १०० जना | ५० जना | ६००० जना | स्थानिय विपद् तथा जलवायु उत्थानशलि योजना र छलफलबाट |
| जनावर आतंक | ३० विद्यालय र समुदाय | २००० जना | ५० जना | १० जना | २५०० जना | स्थानिय विपद् तथा जलवायु उत्थानशलि योजना र छलफलबाट |
| महामारी | सबै विद्यालय र समुदाय | सबै प्रभावित हुन सक्ने | सबै प्रभावित हुन सक्ने | सबै प्रभावित हुन सक्ने | नगरपालिका भरीका जनसंख्या | स्थानिय विपद् तथा जलवायु उत्थानशलि योजना र छलफलबाट |

## ३.२ विद्यालय आपतकालिन अवस्थाको तयारी विश्लेषण

कमलामाईनगरपालिकाका विद्यालयहरुमा आपतकाल विरुद्ध लड्नको लागि पूर्वतयारी तथा व्यवस्थाहरुबारे विद्यालयहरुको अवस्थाहरु निम्न प्रकार रहेको पाईयो:

| क्र.स | व्यवस्थापकीय सूचक वा प्रशासनिक वा पूर्वतयारी सम्बन्धि सूचक वा अवस्था | प्रतिशत | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समितिले आपतकाल व्यवस्थापन वा वृहत विद्यालय सुरक्षा सम्बन्धि सम्पर्क व्यक्ती तोकेको अवस्था | तोकेको छ.. प्रतिशत तोकेको छैन १०० प्रतिशत | |
| २ | विद्यालय व्यवस्थापन समितिको आपतकाल व्यवस्थापन वा वृहत विद्यालय सुरक्षा सम्बन्धि सम्पर्क व्यक्तीको कार्य विवरण | बनाएको छ.. प्रतिशत बनाएको छैन.. प्रतिशत | |
| ३ | विद्यालयमा हुने आपतकालिका अवस्थाको व्यवस्थापन वा बृहत् विद्यालय सुरक्षाको लागि सम्पर्क शिक्षकको व्यवस्था र कार्य विवरणको अवस्था | ब्यवस्था बनाएको छ २० प्रतिशत<br>ब्यवस्था बनाएको छ ८० प्रतिशत<br>कार्य विवरण छ.... प्रतिशत<br>कार्य विवरण छैन १००. प्रतिशत | |
| ४ | पूर्वतयारी सम्बन्धि क्षमता अभिवृद्धि तालिम लिएको वा नलिएको अवस्था | क) छ ६० प्रतिशत, छैन ४० प्रतशत | |
| ५ | विद्यालयले विद्यार्थी, शिक्षकर अभिभावकलाई शैक्षिक आपतकालिन अवस्था व्यवस्थापनबारे अभिमुखीकरण गरेको अवस्था | छ २० प्रतिशत,<br>छैन ८० प्रतशत | |
| ६ | विद्यालयसंगैआपतकालिन अवस्थामा प्रयोग गर्न मिल्ने खुला स्थान प्रशस्त भएको वा नभएको अवस्था | छ ७० प्रतिशत,<br>छैन ३० प्रतशत | |
| ७ | विद्यालयमा वृक्षरोपरोपण वा करेसाबारीको भएको वा नभएकव अवस्था | छ ६० प्रतिशत,<br>छैन ४० प्रतशत | |
| ८ | विद्यालयमा पर्खाल निर्माण भएको वा नभएको अवस्था | छ ६० प्रतिशत, छैन ४० प्रतशत | |
| ९ | क) विद्यादयमा परिचारिकाको व्यवस्था छ ?<br>ख)यदि छभने, विद्यालयमा हुने आपतकालिन अवस्थाबारे तालिका लिनु भएको छ? | क) छ ३० प्रतिशत, छैन ७० प्रतशत<br>ख) छ ६५ प्रतिशत | |
| १० | के तपाईको विद्यालयको सुधार योजना आवश्यक समयमा विपद् सहितअध्यावधिक भएको छ ? | छ ९० प्रतिशत,<br>छैन १० प्रतशत | |
| ११ | के तपाईको विद्यालयमा छुट्टै बालामैत्री शौचालय छ?( प्याडविसर्जनको व्यवस्था सहित) | छ ५० प्रतिशत,<br>छैन ५० प्रतशत | |
| १२ | के तपाईको विद्यालयमा हुन सक्ने आपत अवस्थाहरुको पहिचान र तीनको सम्मुखता लेखाजोखा गरिएको छ? | छ ... प्रतिशत,<br>छैन १०० प्रतशत | |

## ३.३. विपद् पूर्वतयारी योजनाः

| विपद् पर्नु अगाडि गरीने पूर्वतयारी कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | पूर्वतयारी कार्यमा रहेको ग्याप | आवश्यक श्रोत - आर्थिक, भौतिक, मानविय | समय अवधि ( कहिले गर्ने - महिना) |
|---|---|---|---|---|---|
| शिक्षा क्षेत्रको नियमित बैठकमा विपद् पूर्व तयारी बारेमा पनि अनिवार्य छलफल गर्ने | नगर तथा वार्डविपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | विपद् सम्वन्धी ज्ञानको कम जानकारी र नियमित छलफल नहुनु | १०,००० | ०७९ सालभरी |
| शिक्षक क्षमता अभिवृद्धि | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | विपद् सम्बन्धी ज्ञानको अभाव | १,००,००० | ०७९ सालभरी |
| सरोकारवालाहरूको क्षमता तथा स्रोत नक्साङ्कन गर्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | सम्वन्धी ज्ञानको अभाव | १०,००० | ०७९ सालभरी |
| विपद् जोखिम नक्साङ्कन गर्ने( स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको प्रयोग गर्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | नक्शांकन नभएको | ५०,००० | ०७९ सालभरी |
| आपतकालीन शिक्षा व्यवस्थापन कार्यदल गठन गरी अभिमुखीकरण गर्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | आपतकालीन शिक्षा सम्वन्धी ज्ञानको अभाव | ५०,००० | ०७९ सालभरी |
| कम्तिमा उच्च जोखिममा रहेका गाउँपालिका मानवीय तथा अन्य स्रोत समेतको रोष्टर निर्माण गर्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति | विपद्को बेला सम्पर्क तथा दक्ष व्यक्तिको | ५०,००० | ०७९ सालभरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा अन्य गैरसरकारी संस्थाहरु | पहिचान नभएको | | |
| प्रत्येक स्रोतकेन्द्रहरूमा Education in Emergency EiE फोकल पर्सनको व्यवस्था | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | सम्पर्क हुन कठिनाई | | ०७९ सालभरी |
| आपतकालीन अवस्थाका लागि पाठ्य सामाग्रीको व्यवस्थापन | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | कोषको अभाव | ५,००,००० | ०७९ सालभरी |
| विद्यालय स्तरमा भूकम्पीय तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी चेतनामूलक गतिबिधिहरू संचालन गर्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | चेतनाको अभाव | ५०,००० | ०७९ सालभरी |
| विद्यालयमा जोखिम न्युनिकरणका लागि विधालय सुधार योजना , विधालय स्तरीय जोखिम न्युनीकरण जोखिम न्युनीकरण योजनामा समावेश गर्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | विपद् शव्दवलीमा कम जानकार | ५०,००० | ०७९ सालभरी |
| विपद् जोखिम न्यूनीकरण सम्बन्धी IEC सामाग्रीको व्यवस्थापन गर्ने शन्देश मुलक होर्डिङबोर्ड राख्ने र अन्य सामाग्रीको व्यवस्थापन गर्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | पर्याप्त सामाग्रीको अभाव | १,००,००० | ०७९ सालभरी |
| अस्थायी रूपमा बिद्यालय संचालन गर्नका लागि आवश्यक सामाग्री तथा स्रोतको व्यवस्था गर्ने<br>: कोष<br>: गोदाममा आवश्यक सामाग्री राख्ने | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | स्रोतको अभाव | ५,००,००० | ०७९ सालभरी |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षक तथा विद्यार्थीहरूका लागि विपद् सम्बन्धी तालिम सञ्चालन | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | विपद् सम्वन्धी ज्ञानको अभाव | १,००,००० | ०७९ सालभरी |
| पुर्व तयारीका लागि सामान्य विपद् प्रयोग हुने सामाग्री (प्राथमिक उपचार किट बाकस ,घैची ,बेल्चा ,डोरी ,सिटी र टर्च ..) | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | सामाग्रीको अभाव | ५,००,००० | ०७९ सालभरी |
| विपद् सम्वन्धी अतिरिक्त क्रियाकलाप | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | व्यवस्थापनको अभाव | ५०,००० | ०७९ सालभरी |
| विपद् पश्चातको लागि प्राथमिक उपचार तालिम | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस | नगर तथा वार्ड विपद् समिति तथा अन्य गैरसरकारी संस्थाहरु | तालिमको अभाव | ५,००,००० | ०७९ सालभरी |
| जुरेस/युरेस तथा स्काउटको पुर्नगठनको लागि आवश्यक समन्वय | नगर तथा वार्ड विपद् व्यवस्थापन समिति, विव्यस, रेडक्रस र स्काउट | नगर, वार्ड, रेडक्रस र स्काउट | समन्वयको अभाव | | शैक्षिक सत्रको शुरुवातमा |

## ३.४. विपद् प्रतिकार्य योजना :

| विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | जिम्मेवार निकाय | प्रतिकार्य गर्नका लागि आवश्यक श्रोत तथा साधन आर्थिक, भौतिक, मानविय) | | हाल उपलब्ध श्रोत तथा साधन (आर्थिक, भौतिक, मानविय) | | अपुग श्रोत तथा साधन आर्थिक, भौतिक, मानविय) | | सहयोग गर्ने सम्भावित निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| विद्यार्थीहरुलाई सुरक्षित रुपमा अभिभावकलाई | नगर, वार्ड, | दक्ष जनशक्ति | | तालिम प्राप्त | | भएको अपर्याप्त | ५,०० ० | नगर, वार्ड, रेडक्रस, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हस्तान्तरण गर्ने | विव्यस, विद्यालय परिवार तथा अभिभावक | २ | | जनशक्ति | | ा | | गैरसरकारी निकाय तथा समुदाय |
| शिक्षक, विद्यार्थी तथा विद्यालय कर्मचारीमा परेको प्रभाव र शैक्षिक संरचना र सामग्री, उपकरणमा परेको प्रभावको सूचना संकलन गर्ने | नगर, वार्ड, विव्यस, विद्यालय परिवार तथा अभिभावक | १० जना | ३०,००० | स्थानीय जनप्रतिनिधी शिक्षक तथा स्रोत व्यक्ति | | | | नगर, वार्ड, रेडक्रस, गैरसरकारी निकाय तथा समुदाय |
| एकद्वार प्रणाली अथवा तोकिएको सूचना अधिकारी मार्फत सूचना प्रसार | नगर, वार्ड, विव्यस, विद्यालय परिवार तथा अभिभावक | २ | १०,००० | | | | | नगर, वार्ड, रेडक्रस, गैरसरकारी निकाय तथा समुदाय |
| अस्थायी सिकाई केन्द्र निर्माण | नगर, वार्ड, विव्यस, विद्यालय परिवार तथा अभिभावक | २ | २०,००,००० | | | | | नगर, वार्ड, रेडक्रस, गैरसरकारी निकाय तथा समुदाय |
| शैक्षिक सामाग्री व्यवसथापन | नगर, वार्ड, विव्यस, विद्यालय परिवार तथा अभिभावक | २ | ५०,००० | | | | | नगर, वार्ड, रेडक्रस, गैरसरकारी निकाय तथा समुदाय |
| खानेपानी तथा सरसफाई | नगर, वार्ड, विव्यस, विद्यालय परिवार तथा अभिभाव | २ | १,००,००० | | | | | नगर, वार्ड, रेडक्रस, गैरसरकारी निकाय तथा समुदाय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क | | | | | | | |
| बालमैत्री स्थान निर्माण | नगर, वार्ड, विव्यस, विद्यालय परिवार तथा अभिभावक | प्रत्येक विद्यालय मा | ४,००,००० | | | | | नगर, वार्ड, रेडक्रस, गैरसरकारी निकाय तथा समुदाय |
| मनो परामर्श | नगर, वार्ड, विव्यस, विद्यालय परिवार तथा अभिभावक | प्रत्येक विद्यालय मा | २,००,००० | | | | | नगर, वार्ड, रेडक्रस, गैरसरकारी निकाय तथा समुदाय |

## ३.५. आपतकालीन अवस्थापछि गर्नु पर्ने पुर्नलाभका कार्यहरू

| क्रियाकलापहरू | समय | रकम | जिम्मेवार निकाय |
|---|---|---|---|
| उपलव्ध स्रोतको आकलन र यकिन तथ्यांक संकलन | ३ दिन भित्र | ३०,००० | नगर विपद् व्यवस्थापन समिति |
| तथ्यांक विश्लेषण र योजना निर्माण | ७ दिन भित्र | ५०,००० | नगर विपद् व्यवस्थापन समिति |
| योजना अनुसार कार्य जीम्मेवारी वितरण | १० दिन भित्र | ५,००० | नगर विपद् व्यवस्थापन समिति |
| अनुगमन र समिक्षा संयन्त्र गठन र परिचालन | १० दिन भित्र | ५०,००० | नगर विपद् व्यवस्थापन समिति |
| शैक्षिक सहयोग कार्यक्रम संचालनका लागि स्थान छनौटका साथै शैक्षिक सामग्री पा.पु र सिकाई बाकस लगायत सामाग्री व्यवस्था गर्ने | १५ दिन भित्र | १०,००,००० | नगर विपद् व्यवस्थापन समिति |
| शिक्षक व्यवस्था तथा अस्थायी सिकाइ केन्द्रको स्थापना | १५ दिन भित्र | ५,००,००० | नगर विपद् व्यवस्थापन समिति |
| वा.वि.के. तथा औपचारिक तथा अनौपचारिक शिक्षाको कार्यक्रम संचालन, खानेपानी, शौचालय ( | १५ दिन भित्र | ५,००,००० | नगर विपद् व्यवस्थापन |

| क्रियाकलापहरू | समय | रकम | जिम्मेवार निकाय |
|---|---|---|---|
| छात्रा र छात्र) को लागि, पौष्टिक आहारको व्यवस्था | | | समिति |
| सुपरिवेक्षकको व्यवस्था, मनोसामाजिक परामर्श | ३० दिन भित्र | ५०,००० | नगर विपद् व्यवस्थापन समिति |

## ३.६. प्रकोप सम्बन्धी नेतृत्व गर्ने निकायहरूको विवरण

| क्र.सं. | क्षेत्र | क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने निकाय | जिम्मेवार व्यक्ति | सम्पर्क |
|---|---|---|---|---|
| १ | सुचना, समन्वय, खोजी तथा उद्धार, बन्दोवस्ती, अनुगमन र गुनासो | आपतकालिन कार्य सञ्चालन केन्द्र | नगर प्रमुख | ९८५४०४१५०० |
| २ | आपत्कालीन आवास तथा गैह्र खाद्य | नेपाल रेडक्रस सोसाइटी र प्राविधिक शाखा | सभापति, नेरेसो | ९८४१५३०८६६ |
| ३ | स्वास्थ्य र पोषण, खानेपानी तथा सरसफाइ | स्वास्थ्य शाखा | विभाग प्रमुख | ९८४४०४२९१७ |
| ४ | शिक्षा | शिक्षा शाखा | शिक्षा विभाग प्रमुख | ९८५४०४४१०६ |
| ५ | संरक्षण | सामाजिक विकास शाखा | प्रमुख, सामजिक विकास शाखा | ९८५४०४०८७२ |
| ६ | खाद्य, कृषि र जिविकोपार्जन | कृषि तथा पशु विकास शाखा | कृषि शाखा प्रमुख | ९८४२६३३७५३ |
| ७ | पुनस्थापना र पुर्ननिमाण | पुर्बधार विकास तथा योजना शाखा | शाखा प्रमेख | ९८५४०४११८८ |

## ३.७विपद् व्यवस्थापन सम्बन्धी कमलामाईनगरपालिकाका सम्पर्क व्यक्तिहरू

| क्र.सं. | नाम, थर | पद, कार्यालय | सम्पर्क नं |
|---|---|---|---|
| १ | उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख | ९८५४०४१५०० |
| २ | मन्जु देवकोटा | नगर उप प्रमुख | ९८४४०४५८३० |
| ३ | नरेश गोले | वडाध्यक्ष १ | ९८६४१३७३३७ |
| ४ | इन्द्र वाईबा | वडाध्यक्ष २ | ९८६४२७१६६२ |

| | | | |
|---|---|---|---|
| ५ | खड्ग प्रसाद चौलागाइँ | वडाध्यक्ष ३ | ९८४४२५२२९१ |
| ६ | महेन्द्र प्रसाद ढकाल | वडाध्यक्ष ४ | ९८४४०४५३३३ |
| ७ | पुर्ण बहादुर खड्का | वडाध्यक्ष ५ | ९८४१७३९२५१ |
| ८ | उज्जवल कुमार थापा | वडाध्यक्ष ६ | ९८५१२२१११५ |
| ९ | कर्ण घिसिङ्ग | वडाध्यक्ष ७ | ९८५१२३०६८१ |
| १० | कोमल कुमार श्रेष्ठ | वडाध्यक्ष ८ | ९८५४०७७५३७ |
| ११ | विनोद प्रधान | वडाध्यक्ष ९ | ९८४४१७७९११ |
| १२ | दिप बहादुर कार्की | वडाध्यक्ष १० | ९८४४०९४८७३ |
| १३ | राम बहादुर थिङ्ग | वडाध्यक्ष ११ | ९८१७६०४७०३ |
| १४ | भिम बहादुर गुर्मछान | वडाध्यक्ष १२ | ९८१५८८७७०७ |
| १५ | केशर बहादुर कार्की | वडाध्यक्ष १३ | ९८४४१९८०९७ |
| १६ | राजन न्यौपाने | वडाध्यक्ष १४ | ९८१७८८४८६३ |
| १८. | शंकरराज लुइटेल | नगर शिक्षा अधिकारी | ९८५४०४४१०६ |

## ४. सम्भावित अवस्था विवरण

### ४.१ सोच

कमलामाईनगरपालिकाका सम्पूर्ण विद्यार्थीहरुलाई सुरक्षित एवम् वालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्राप्तिका लागि हरेक किसिमको भैपरी आउने आपत्कालीन अवस्थाको व्यवस्थापन भएको सुनिश्चिता कायम गर्ने ।

४.२ लक्ष्य

- कमलामाईनगरपालिकामा शिक्षाको माध्यमद्वारा आपतकालिन जोखिमहरुको अल्पीकरण गरी समुदायको उत्थानशिलता स्थिर गर्ने,
- आपतकालीन अवस्थाको लागि संगठीत प्रतिकार्य संचालनको लागि प्रभावकारी अन्तर निकाय प्रतिकार्यको सुनिश्चितता गर्न आवश्यक मापदण्डहरुको विकास,प्रतिकार्य क्षमता निर्माण र कार्यान्वयन तथा नीतिगत व्यवस्था गर्ने,
- यस पालिकाको कुनै पनि विद्यालयमा मानवीय सहायता आवश्यक पर्ने आपतकालीन घटनामाविद्यालय परिवार सुरक्षित राख्नप्रभावकारी शिक्षा प्रतिकार्यकोलागिकार्य संचालन प्रणाली र संगठित प्रतिकार्य योजनालाई सुदृढ बनाउने,
- आपतकालीन घटना पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण यथासिघ्र तयार गर्ने,
- आपतकालिन अवस्था व्यवस्थापन चक्रमा आधारित शैक्षिक आपतकालिन योजना निर्माण गर्ने।

### ४.३ उद्देश्य

शिक्षा सम्बन्धि आपतकालिन योजनाले यस नगरपालिकाको सबै भौगोलिकक्षेत्रका निजीर सार्वजनिक विद्यालयको न्यूनतम् सुरक्षा सुनिश्चितताको सोच लिएको छ। साथै आपतकालिन अवस्थामा प्रभावकारी र समन्वयात्मक ढङ्गले प्रतिकार्य गर्नकालागि दिशानिर्देश गर्नु यस योजनाको सामान्य उद्देश्य हो। यस योजनाको विशिष्ट उद्देश्य देहाय बमोजिम छन्:

१.कमलामाईनगरपालिकामा संचालित हरेक विद्यालय परिवारको आपतकालिन अवस्थासंग लड्न सक्ने क्षमता अभिवृद्धि गर्नु,
२.आपतकालीन घटना पछि शिक्षण सिकाई लगायत विद्यालयका सम्पूर्ण शैक्षिक गतिविधहरुको निरन्तरताको लागि सुरक्षित वातावरणको निर्माण गर्दै प्रभावित खास गरी अपाङ्गताभएका तथाविपन्न परिवारका बालबालिका तथा शिक्षकशिक्षिकाहरुलाई सतर्कताका साथ सामान्य अवस्थामा फर्काई मनोसामाजिक परामर्श सहितको गुणस्तरिय पठनपाठन सुचारु गर्नु,
३. आपतकालीन शैक्षिक अवस्था व्यवस्थापनका लागि संघीय ऐन अनुसार कार्यविधि र पञ्चबर्षीय विद्यालय क्षेत्र विकास योजना तर्जुमा गर्नु,
४.आपतकालिका घटना व्यवस्थापनको लागि संगठीत प्रतिकार्य संचालन गर्न स्तरिय कार्य संचालन प्रकृया अपनाइनु,

**५.योजना**

शिक्षा सम्बन्धि आपतकालिका योजना भन्नाले आफ्नो क्षेत्रका विद्यालयहरूमा विद्यार्थीहरूको सुरक्षा, विद्यालको आपतकालिन अवस्थाको लेखाजोखा, पूर्वतयारी, क्षमता अभिवृद्धि, प्रतिकार्य र पुनर्लाभ योजना सहित विद्यार्थीहरुको सहज सिकाइ वातावरण निर्माण गर्नका लागि स्थानीय तह र विद्यालय परिवालले गर्नुपर्ने न्यूनतम कार्यहरु नै आपत्कालिन योजना हो। यो एक शिक्षा निरन्तरताकोयोजना हो।

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि मूख्य कार्ययोजना सहित निम्न योजनाहरु तय गरिएका छन् ।

| क.स | योजना शीर्षक | मुख्य कार्य योजना | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|---|
| **उद्देश्य नम्बर १ संग सम्बन्धित योजना विवरण**<br>**उद्देश्य: हरेक विद्यालय परिवारको आपतकालिन अवस्थासंग लड्न सक्ने क्षमता अभिवृद्धिगर्ने ।** | | | | |
| १ | क्षमता अभिवृद्धिमार्फत शैक्षिक आपतकालिन अवस्थाको बुझाई सुदृढ गरिनेछ । | कमलामाईनगरपालिकाको शैक्षिक आपतकालिन अवस्था नक्साङ्कन/लेखाजोखा कार्य र निश्कर्ष सार्वजनिक गर्ने | शिक्षा शाखा | २ महिना |
| | | वृहत् विद्यालय सुरक्षा सम्बन्धि स्थानीय विषयवस्तु समावेश गरी पाठ्यक्रम तयार पार्ने | | |
| | | शैक्षिक आपतकालिन योजनालाई विद्यालय सुधार योजनामा समायोजन गर्ने | | |
| | | विद्यालयमा हुन सक्ने आपतकालिन अवस्था विरुद्ध तालिम, सामाजिक पूँजि निर्माण, पारिवारिश शिक्षा र सामुदायिक उत्थानशिलता सम्बन्धिक्षमता अभिवृद्धिकार्यक्रम गर्ने | | |
| | | नगरपालिका र विद्यालयले शैक्षिक आपत्कालिन अवस्था विरुद्ध सामुदायिक अभियान संचालन गर्ने | | २ महिना |
| | | मनसुन अघि र पछि पूर्वतयारीका तरिका र प्रतिकार्यको प्रभावकारिताबारे समिक्षा गर्न सरोकारवालाहरुको कार्यशाला गर्ने | | मनुसुन अघि र पछि |
| | | विश्वविद्यालय र अनुसन्धान केन्द्रसंगको सहकार्यमा शैक्षिक आपतकालिन अवस्था सम्बन्धि अनुसन्धान गर्ने | नपा | समन्वयमा |
| | | विद्यालयमा आधारित आपतकालिन अवस्था व्यवस्थापन प्रणालीको स्थापना गर्ने | शिक्षा शाखा | १ महिना |
| | | विद्यालयको जोखिम मूल्याङ्कन र विश्लेषण गर्न सक्ने प्राविधिक क्षमता अभिवृद्धिगर्ने | नपा | १ महिना |
| | आपत्कालीन अवस्था सम्बन्धी आधारभूत तयारी चुस्त गरिने छ । | विद्यालय व्यवस्थापन समितिले आपतकाल व्यवस्थापन वा वृहत विद्यालय सुरक्षा सम्बन्धि कार्य विवरण सहित सम्पर्क व्यक्ती र कार्य विवरण सहित सम्पर्क शिक्षक व्यवस्था गर्ने | शिक्षा शाखा | १ हप्ता |
| | | पालिकाको सबै विद्यालयसंग आपतकालिन अवस्थामा प्रयोग गर्न मिल्ने सहज जानेबाटो सहितको खुला स्थानको व्यवस्था गर्ने | शिक्षा शाखा | तुरुन्तै |
| | | विद्यालय वरपर वृक्षरोपण र करेसाबारीको व्यवस्था गर्ने | शिक्षा शाखा | मौसम अनुसार |
| | | विद्यालयमा छुट्टै छात्रामैत्री शौचालय (प्याडविसर्जनको व्यवस्था सहित) व्यवस्था गर्ने | शिक्षा शाखा | १ महिना |
| | | लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको व्यवस्था गर्ने | शिक्षा विभाग | १ हप्ता |
| | | पूर्वतयारी सम्बन्धि कृतिम अभ्यासहरु संचालन गर्ने | विद्यालय | १५ दिन |
| | | आपतकालिन अवस्थाको पहिचान भएको कारणहरुको समाधान गर्ने | नपा | १ महिना |
| **उद्देश्य २ संग सम्बन्धित योजना विवरण**<br>**उद्देश्श्य: आपतकालीन घटना पछिशिक्षण सिकाई लगायत विद्यालयका सम्पूर्ण शैक्षिक गतिविधीहरुको निरन्तरताको लागि सुरक्षित वातावरणको निर्माण गर्दै प्रभावित खास गरी अपाङ्गता भएका तथा विपन्न परिवारका बालबालिका तथा शिक्षकहरुलाई सतर्कताका साथ सामान्य अवस्थामा फर्काई मनोसामाजिक परामर्श सहितको गुणस्तरीय** | | | | |

| क्र.स | योजना शीर्षक | मुख्य कार्य योजना | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|---|
| पठनपाठन सुचारु गरिने छ वा सुचारुको लागि निरन्तर प्रयास गरिने छ, । | | | | |
| | विद्यार्थीहरुको वैकल्पिक पठनपाठन सुचारु गरिनेछ | **अस्थायी सिकाइ स्थान वा केन्द्रको निर्माण गरी सिकाइ निरन्तरताको अभियान सञ्चालन गर्ने** | शिक्षा शाखा र विद्यालय | घट्नाको २ हप्ताभित्र |
| | | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइ बालबालिकाहरुको आवश्यकता उपर लेखाजोखा गर्ने | | पठनपाठन सुचारुसंगै |
| | | खेलकुद लगायत आवश्यक अन्य अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन गर्ने | | |
| | | बालसंरक्षण तथा अपांगमैत्री बाटो र संरचना निर्माणको सुनिश्चितता गर्ने | | |
| | ,अत्यावस्यक सामग्री व्यवस्थापन र वितरण गरिने छ | बालबालिकाहरुलाई चाहिने अध्ययन सामग्री लगायत अन्य मनोरञ्जनका लागि आवश्यक सामग्रीहरु उपलब्ध गराउने | शिक्षा शाखा र विद्यालय | पठनपाठन सुचारुसंगै |
| | | अस्थायी सिकाइ स्थन वा केन्द्रमा अत्यावश्यक स्वास्थ्य र सुरक्षाका सामग्रीहरु उपलब्ध गर्ने | शिक्षा शाखा र विद्यालय | पठनपाठन सुचारुसंगै |
| | नियमित विद्यालय सञ्चालन गरिने छ। | आपतकालीन अवस्थामा पठनपाठन भइरहेका शिक्षा कार्यक्रमको पुनरावलोकन गरी अस्थायी सिकाई केन्द्रहरुलाई अर्ध स्थायी प्रकृतिको संरचनामा रुपान्तरण गर्न (जस्तैः जस्तापाता, काठपात, ढुङ्गा आदि प्रयोग गरेर मौसम अनुकुल बनाउने) | शिक्षा शाखा र विद्यालय | पहिलो चरण पश्चात् |
| | | शैक्षिक आपत्कालीन अवस्थाहरुको निरन्तर अध्यावधिक गर्ने | विद्यालय | नियमित |
| | | शिक्षाको दीर्घकालीन पुर्नप्राप्तिका क्रियाकलापहरु र स्रोत परिचालनकालागि सरोकारवालाहरुको बैठक बस्ने र योजना बनाउने र स्रोतको व्यवस्थापन गर्ने | शिक्षा शाखा र विद्यालय | यथासक्य छिटो |
| | | अझ राम्रो पुनर्निर्माणको मर्म अनुरुप शैक्षिक क्रियाकलापहरुको पुर्नप्राप्तिका लागि क्रियाशिलराष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था र दातृ निकायकोपरिचालन गर्ने | | |
| | | संघीय तथा प्रदेश सरकारले परिचालन गरेका निकाय र संस्थाहरुसंग समन्वय गर्ने | | समन्वयमा |
| | | नियमित अभिलेख राख्ने र आवश्यक प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने | विद्यालय | नियमित |
| | | वृहत विद्यालय सुरक्षा न्युनतम प्याकेजको व्यवस्था सवै विद्यालयहरुमा सुनिश्चिता गर्ने | नपा | ६ महिना |
| उद्द्श्यः ३ संग सम्बन्धित योजना विवरण<br>उद्देश्यः आपतकालीन अवस्था व्यवस्थापनका लागि संघीय ऐन अनुसार कार्यविधि र पंन्च वर्षिय विद्यालय क्षेत्र विकास योजना तर्जुमा गरिने छ। | | | | |
| | नीतिगत व्यवस्था हुने छ। | शैक्षिक आपत्कालीन् अवस्था व्यवस्थापन कार्यविधि तर्जमा गर्ने | शिक्षा शाखा र विद्यालय | १ महिना |
| | | ५ वर्षीय शैक्षिक क्षेत्र विकास तर्जुमा गर्ने | | |
| उद्देश्य ४ संग सम्बन्धित योजना विवरण<br>उद्देश्यः आपतकालिन घटना व्यवस्थापनको लागि संगठीत प्रतिकार्य संचालन गर्न नगर स्तरिय कार्य संचालन प्रकृया अपनाईने छ. | | | | |

| क्र.स | योजना शीर्षक | मुख्य कार्य योजना | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|---|
| | आपतकालिन घटनाबाट प्रभावितविद्यालय क्षेत्र पूर्ण निषेधीत सहित आवश्यक व्यवस्थापन गरिने छ । | विद्यालयको आपतकालिन घट्नाको प्रभाव द्रुत मूल्याङ्कन गर्ने फारमको प्रयोग गरी घट्नाको विवरण संकलन गर्ने (विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक लेखाजोखासहित) | अधिकारप्रप्त अधिकारी | घट्नाको पहिलो हप्ता |
| | | समग्र शैक्षिक क्षेत्रमा परेको असर लेखाजोखा गर्ने | नपा | ३ महिना |
| | | नगर स्तरिय मापदण्डको प्रतिकार्य योजनामा आधारित सिघ्र प्रतिकार्य गर्ने (नगरपालिकाले शैक्षिक आपतकालिन घट्नाको लागि प्रतिकार्य योजना निर्माण गरेको हुनु पर्दछ.) | स्थानीय विपद व्यवस्थापन समिति | घट्ना घटे लगतै |
| | | प्राथमिक उपचार समान सहित सिघ्र उद्धार कार्य गनै र आवश्यक राहत वितरण गर्ने, | | |
| | | वन्दोवस्ती सामग्रीहरु आपुर्ती र सरसफाई व्यवस्था सहितको सुरक्षित अस्थायी गृहको व्यवस्थापन गर्ने, | | |
| | | मानवीय सहायताको लागि आवश्यक बाल संरक्षण WASH वन्दोवस्ती सामग्री व्यवस्थापन, सुरक्षा, स्वास्थ्य तथा पोषण जस्ता विषयगत निकायहरुसंग संयुक्त कार्यको लागि समन्वय गर्ने, | | |
| | | सूचना अधिकारी मार्फत उद्धार, प्रतिकार्य र पुनर्लाभको लागि प्रभावकारी सञ्चार गर्ने (आपत्कालीन अवस्थामा हुन सक्ने अतिरञ्जित हल्लाह वा अफवाह व्यवस्थापन सहित) | | |
| | | समुदायहरुलाई संलग्न गरी कमजोर सार्वजनिक विद्यालयहरुलाई भुकम्प प्रवलिकरण तथा मर्मत सम्भावर गर्ने तथा गर्नलाई प्रोत्साहित गर्ने, आपत्कालीन घट्नाको क्षतिको वास्तविक विवरण संकलन, अभिलेखीकरण अध्यावधिक र सार्वजनिक गर्ने | | |
| | | आपत्कालीन घट्नाको क्षतिको वास्तविक विवरण संकलन, अभिलेखीकरण अध्यावधिक र सार्वजनिक गर्ने | स्थानीय विपद व्यवस्थापन समिति र शिक्षा शाखा | घट्नाको पहिलो हप्ता |
| | | विभिन्न क्षेत्र र तहका सुरक्षा सम्पर्क समिति तथा व्यक्तिहरुको सम्पर्क पूर्ण विवरण सवैको जानकारीका लागि सार्वजनिक गर्ने, | शिक्षा शाखा र विद्यालय | घट्नाको पहिलो हप्ता |
| | उत्थानशीलता कमजोर भएकाहरुको पहुँच सुनिश्चितता | घटनाबाट बढी प्रभावित, जोखिम भई उत्थानशीलता कमजोर भएका समूहको साधन स्रोतको वितरण प्रक्रियामा समान पहुँचकालागि सहभागिता बृद्धि गर्ने र सशक्तिकरण गर्ने, | शिक्षा शाखा र विद्यालय | घट्नाको पहिलो हप्ता |
| | | अपांगता भएका बालबालिकाहरुका लागि अपांगतामैत्री आपत्कालीन अवस्था सृजना गर्ने र उनीहरुको सहभागिता बृद्धि गर्ने, | | |
| | | घट्नाबाटदर्घकालीन रुपमा प्रभावित हुने समूह (महिला,वालवालिका, जेष्ठनागरिक, अपांग, तेश्रो लिंगी अल्पसंख्यक लगायत गरिव, दलित, जनजाति) कोविपद् शासनका निर्णय प्रक्रिया र वितरण प्रकृयामा पहुँच सुनिश्चित गर्ने, | | |
| | अनुगमन मूल्याङ्कन र | सुधार गर्ने स्थानकालागि आपतकालिन घट्नाको नगर स्तरीय मापददण्डमा आधारित नियमति अनुगमन गर्ने र सुधार गर्नु पर्ने भएमा तुरुन्तै सुधार गर्ने, | शिक्षा शाखा | प्रतिकार्य समयभरी |

| क्र.स | योजना शीर्षक | मुख्य कार्य योजना | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|---|
| | सुशासन | नगर स्तरीय मापदण्डमा आधारित आवश्यकता अनुसार मूल्यांकन गर्ने र योजनाको परिमार्जन गर्ने, | | |
| | | आपत्कालीन अवस्था व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी जिम्मेबार बनाउने | | |

## ५.१योजनाको आधारभूत कार्यनीति

शिक्षा सम्बन्धि आपतकालिन योजना (कार्ययोजना सहित) कार्यान्वयन गर्नको लागि निम्न कार्यनीतिहरु अवलम्बन गरिने छः

- विशेषगरी सुरक्षित सिकाइ सुविधा, आपतकालिन अवस्था व्यवस्थापन र शैक्षिक उत्थानशील शिक्षालाई आधारको रुपमा लिईएको छ ।
- आपतकालिन अवस्थामा बालबालिकाको विशेष सुरक्षा गर्नु पर्ने भएकोले बालबालिका केन्द्रित विपद जोखिम न्युनीकरणको मान्यतामा आधारित भै कार्य संचालन गरिनेछ ।
- शैक्षिक आपतकालिन अवस्थाको गम्भिर समयमा पनि पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र जिम्मेवार उत्तरदायित्वाई आत्मसाथ गरी सुशासनका नियमहरु पालना गरिनेछ ।
- यस नगरपालिकामा साधनश्रोत सम्पन्न आपतकालीन कार्य संचालन केन्द्रको स्थापना र संचालनको लागि संघिय तथा प्रदेश सरकारहरुसंग आवश्यक पहल गरिनेछ ।
- हरेक विद्यालयमा आपतकालिन अवस्था व्यवस्थापनका लागि एक समिति गठन गरिनेछ ।
- नगरपालिकामा रहेका सबै विद्यालयहरुको भवन संरचनाको जाँच गरी कमजोर भवनहरुको प्रबलीकरण,मर्मतसम्भार र नयाँ निर्माण गरी उत्थानशिल शैक्षिक सरंचना निर्माण गरिनेछ।
- आपतकालिन अवस्थाको व्यवस्थापन गर्न परिवर्तनको संवाहकको रुपमा अशल शिक्षक, विद्यार्थी र अभिभावकहरुको छनौट गरी परिचालन गरिनेछ ।
- आपतकालिन अवस्थाको व्यवस्थापन गर्न सामाजिक संजाल लगायत संचार जगतका आधुनिक प्रविधिहरुको उपयोग गरिनेछ ।
- आपतकालिनअवस्थाको व्यवस्थापनको लागि विद्यमान विद्यालयहरूबाट केही नमूना विद्यालय छनौट गरिनेछ ।
- प्रभावित विद्यालयमा स्थापित न्यूनतम आवश्यकता मापदण्ड अनुकूल मानवीय प्रतिकार्य भएको सुनिश्चित गर्न नियमित अनुगमन गरिनेछ ।
- मानवीय सहयोग गर्ने संस्थाहरु र सरकारसंग आपतकालिन अवस्था जोखिम न्यूनिकरण र व्यवस्थापन गर्न समन्वय गरिनेछ ।
- आपतकालिन अवस्था जोखिम न्यूनीकरण र व्यवस्थापनमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- आपतको बेला गरिने जीउधनको सुरक्षाको लागि खोज तथा उद्धार समूहको परिचालन, जोखिमयुक्त अवस्थाबाट सुरक्षित स्थानान्तरण, साधनश्रोत तथा समुदाय परिचालन, जीवन रक्षाकोलागि राहत सहयोग र सुरक्षित आपतकालिन आश्रमकोप्रबन्ध गर्न तथाप्रभावकारी संचार गर्न, सार्वजनिक सम्पत्तीको संरक्षणमा व्यवस्थापनकालागि तत्काल प्रतिकार्यका रुपमा गरिने क्रियकलापहरुसंग सम्बन्धित छुट्टाछुट्टै कार्यविधिहरु आवश्यकता अनुसार तर्जुमा गरिनेछ ।
- यस शिक्षा सम्बन्धि आपतकालिन योजनालाई आवश्यकता अनुसार पुनरावलोकन तथा अध्यावधिक गरिनेछ ।

- आवश्यकता अनुसार कुनै विशेष विपद् व्यवस्थापनकोलागि विस्तृत रुपमा पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा गरिने छ ।

## ५.२ योजनकोलागि बजेट व्यवस्थापन

- यस नगरपालिकाले शिक्षा सम्बन्धि आपतकालिन योजनामा उल्लेख योजनाहरुको कार्यान्वयकोलागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा भएको व्यवस्था अनुसार प्रतिकार्यको लागि बजेट छुट्ट्याउने छ ।
- वार्षिक नीति तथा कार्यक्रममा शिक्षा सम्बन्धि आपतकालिन योजनामा उल्लेख योजनाहरुलाई समेटेर निश्चित बजेट कार्यान्वयको लागि व्यवस्थापन गर्नेछ ।
- विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक लेखाजोखाबाट पहिचान भएका जोखिम र तिनकोअल्पीकरणसहित बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको कार्यान्वयन गर्नका लागि आवश्यक पर्नेवार्षिक बजेट विनियोजन गरिनेछ ।
- विद्यालयमा ठूलो आपतकालिन अवस्था आएमा तुरुन्तै आवश्यकता अनुसारको बजेट निकासा गर्नको लागि सङ्घीय तथा प्रदेश सरकारसंग माग गरिनेछ ।
- यस योजनाले नगरपालिका लगायत प्रदेश तथा संघीय सरकारलाई वार्षिक योजना तर्जुमा गर्न,स्रोत परिचालन र बजेट विनियोजन गर्नसमेत सहयोग गर्दछ ।
- यस योजनाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातार विकास साझेदारहरुलाई शिक्षा सम्बन्धि आपतकालिन अवस्था व्यवस्थापनमा कार्यक्रम तयार गर्न र बजेट विनियोजन गर्न सहयोग गर्दछ ।

# ६. नगर स्तरिय कार्य संचालन मापदण्ड

कुनै पनि विद्यालयमा शिक्षा सम्बन्धि आपतकालिन घटना घट्न गएमा तुरुन्तै प्रतिकार्य प्रारम्भ गर्ने देखि निरन्तर शैक्षिक गतिविधिहरु संचालन गर्न आवश्यक सर्वमान्य कार्य संचालन मापदण्ड अनुसार अति गम्भिर भएर चालिनु पर्ने कदमहरुको बारेमा यहाँ प्रस्तुत गरिएको छः

**घटनाको पहिलो ७२ घण्टा भित्र**

- कुनै पनि आपतकालीन अवस्था आइलागेमा नगरपालिका शिक्षा शाखाले, स्थानिय विपद् व्यवस्थापन समितिलाई सम्पर्क गर्नेछ र दैनिक रुपमा स्थानीय विपद् व्यवस्थापन समितिकोबैठकमा भाग लिई जानकारी अद्यावधिक गर्नेछ ।
- नगरपालिका शिक्षा शाखाको नेतृत्वले प्रतिकार्यका क्रियाकलापहरुमा समन्वय गर्न विपद्जोखिम न्युनीकरण समितिलाई तुरुन्तै प्रतिकार्य गर्न निर्देशित दिनेछ ।
- नगरपालिका शिक्षा शाखाको दैनिक रुपमा सम्बन्धित निकायहरुलाई अथवा तोकिएका जिम्मेवार अधिकारीहरुलाई जानकारी अद्यावधिक गराउनेछ ।
- प्रारम्भिक द्रुत लेखाजोखा कार्यविधि अनुसारको राष्ट्रिय लक्ष मार्फत नगरपालिकाको शिक्षामा वा कुनै विद्यालयमा परेको जोखीमको बारेमा यथार्थ सूचना संकलन गर्न परिचालित गर्नेछ ।
- नगरपालिका शिक्षा शाखाले नगरपालिका शिक्षा समूहको बैठक बोलाई अवस्थाकाबारेमा अद्यावधिक गर्दै प्रतिकार्यका लागि परिचालित गर्नेछ ।

- आपतकालिन घटना स्थलमा पूर्वतयारी तथाप्रतिकार्य योजनाका आधारमा प्रतिकार्य गर्नेछ ।

**घटनाको ७२ घण्टा देखि दोश्रो हप्ता भित्र**

- शिक्षा शाखाका सदस्यहरुले बहुक्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा मार्फत आंशिक तथा पूर्ण रुपमा क्षतिग्रस्त कक्षाकोठाहरु रप्रभावित बालबालिकाहरुको पहिचान गर्नेछन् ।
- बहुक्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा मार्फत बालमैत्री स्थान र बाल विकास केन्द्रहरु तथा अस्थायी पठापाठन गर्न सकिने व्यवस्था गर्नेछ ।
- शिक्षा शाखाको नेतृत्वले नगरपालिका स्तरमा शिक्षा शाखाको बैठक राखी अवस्था अद्यावधिकर शिक्षा शाखाका निकायहरुसँग उपलब्ध श्रोत (नगद र जिन्सि) परिचालन गर्नेछ ।
- शिक्षा शाखाले प्रदेश शाखा र संघिय शिक्षा शाखासँग सञ्चार गरी नगरपालिका तहमा रहेकोश्रोतको उपलब्धताको रिक्ततालाई पुर्ति गर्नेछ ।
- समुदाय (वि.व्य.स. ⁄ शि.अ.स. ⁄ शिक्षकहरु र व्यक्तिहरु) को संलग्नतामा बालमैत्री स्थान र बाल विकास केन्द्रहरु ⁄ अस्थायी कक्षाकोठाहरु स्थापना गर्नेछन् ।
- शिक्षा शाखाले संगठीत प्रतिकार्यको लागि अन्य शाखाहरु (खानेपानी, स्वास्थ्य तथा सरसफाई,संरक्षण, आवास, तथा बन्दोबस्ति) सँग समन्वय गर्नेछ ।
- पाठ्य पुस्तकहरुको अभाव भएमा पाठ्य पुस्तकहरु उपलब्ध गराउनेछ ।
- बालमैत्री स्थान र बाल विकास केन्द्रहरु ⁄ अस्थायीकक्षा कोठाहरुका लागि शिक्षण सिकाई सामग्रीहरु उपलब्ध गराउनेछ ।
- बालबालिकाहरुका लागि मनोपरामर्श सेवा प्रदान गर्न सक्षम बनाउन शाखा सदस्यहरुलेशिक्षकहरुका लागि तालिम सञ्चालन गर्नेछन् वा उपलब्ध भएका मनोपरमर्शदाताहरुलाई परिचालन गर्नेछ ।
- शिक्षा शाखाले “अव विद्यालयमा फर्कौं”अभियान तथा मनोसामाजिक सहयोग सुरुवात गर्नेछन्।
- अवस्था अद्यावधिक गर्न तथा प्रतिकार्य क्रियाकलापहरुकोपुनरावलोकन गर्न नगरपालिका शिक्षा शाखाको बैठक राख्नेछ ।
- शिक्षा शाखाले नियमित प्रतिवेदन पेश गर्नेछ ।

**घटनाको तेश्रो देखि चौथो हप्ता भित्र**

- शिक्षा शाखाले मनोरञ्जनात्मक क्रियाकलापहरुका साथ बालमैत्री स्थान र बाल विकासकेन्द्रहरु ⁄ अस्थायी कक्षा कोठाहरु सञ्चालन गर्नेछ ।
- लैङ्गिक संवेदनशिल तथा अपाङ्गता मैत्री वातावरण कायम भएको सुनिश्चित गर्नेछ ।
- संरक्षण र स्वास्थ्य सम्बन्धी विशेष आवश्यकता भएका बालबालिकाहरुलाई अन्यत्र सिफारिस गर्नेछ ।
- प्रतिकार्य क्रियाकलापहरुलाई पुनरावलोकन नियमति गर्नेछ र हप्ताको १ पटक शिक्षाशाखाको बैठक बस्नेछ ।

**घटनाको चौथो हप्ता देखि तीन महिना भित्र**

- शिक्षा शाखाले बाल मैत्री स्थान र अस्थायी कक्षाहरुको स्तरोन्नति गर्नेछ। जस्ता पाता अथवाअन्य अर्ध-स्थायी प्रकृतिका संरचनाहरु खडा गरी कम्तिमा ६ महिना सम्म सञ्चालन हुनेअवस्था निर्माण गर्नेछ।
- दीर्घकालीन पुर्नलाभ योजना तयार गर्न सहयोग गर्नका खातिर आवश्यक शिक्षाको अवस्थाकोविस्तृत विवरण संकलन गर्न तोकिएको ढाँचा प्रयोग गरि क्षेत्र विशेष विपद् मूल्याङ्कन संचालन गर्नेछ।

**अनुसुची १**

जिल्ला भित्ररहेको विपद्सँग सम्वन्धित महत्वपुर्ण टेलिफोन नम्बरहरु

| क.सं. | कार्यालय | कार्यालय प्रमुख | फोन नम्वर | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ५२०१३३ | |
| २. | बर्द बहादुर गण | प्रमुख सेनानी | ६२००८९ र ६२००९१ | |
| ३. | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरिक्षक | ५२०१९९ | |
| ४. | शसस्त्र प्रहरी वल | प्र.ना.नि. | ५२१११११ | |
| ५. | मध्य क्षेत्र प्रहरी तालिम केन्द्र | बरिष्ठ प्र.उ. | ९८५४०४१७८९ | |
| ६. | वन तथा पर्यावरण सुरक्षा गण | प्रमुख सेनानी | ६९१८५७ | |
| ७. | नेपाल रेडक्रस सोसाइटी सिन्धुली | सभापति | ५२०१२० | |
| ८. | जिल्ला अस्पताल | प्रमुख | ५२०१४५ | |
| ९. | शिक्षा विकास तथा समन्वय इकाई | जि.शि.अ. | ५२०१७५ | |
| १०. | दुर सन्चार कार्यालय | | ५२०१५० | |
| ११. | उद्योग वाणिज्य संघ | अध्यक्ष | ५२०६०९ | |
| १२. | एम्वुलेन्स क | चालक पदम थापा | ९८४४०९४५४६ | |
| १३. | एम्वुलेन्स ख | चालक विजय सुवेदी | ९८४४५९५१२० | |
| १४. | रगत बैंक | कर्मचारी कुसुम सुवेदी | ९८४४४०३६७५ | |

# आपत्कालीन शैक्षिक /सहयोगी सामग्री व्यवस्थापन तथा वितरण निर्देशिका

भैपरी आउने असहज परिस्थिति, विपद वा आपत्को अवस्था कतिपय सन्दर्भमा अनुमान एवम् आँकलन भन्दा फरक हुन सक्छ । आपत्कालीन अवस्थाको पहिलो सर्त भनेको जीवनको सुरक्षा नै हो । सुरक्षित हुनु वा सुरक्षित हुँदाहुँदै पनि थप सहयाताको आवश्यकता हुनु आपत्कालीन परिस्थितिको उपज नै हो । कतिपय अवस्थामा बाढी, पहिरो, भुकम्म, हुरी वतास जस्ता विपद्हरुको कारण सुरक्षित स्थलतर्फ स्थान्तरण हुनुपर्ने परिस्थितिमा सहयोगी सामग्रीरुलाई सही रुपमा उपयोग गर्नुपर्ने  हुन्छ । हरेक विद्यालयले आपत्कालीन बाकसको व्यवस्थापन गर्ने हो भने आपत्कालीन अवस्थामा त्यो बालबालिकाहरुका लागि एउटा भरपर्दो सहारा हुन सक्छ । आपत्कालीन शिक्षा योजनासंगै स्थानीय तहले व्यवस्था गरेको आपत्कालीन शैक्षिक/सहयोगी सामग्रीलाई बालबालिकाहरुको अधिकतम हितमा प्रयोग गर्नुपर्ने हुन्छ । आपत्कालीन शैक्षिक/सहयोगी सामग्री व्यवस्थापन वितरण एवम् उपयोग सम्बन्धमा सरोकारवालाहरुले निम्न लिखित पक्षहरुमा ध्यान दिनुपर्ने हुन्छः

- आपत्कालीन अवस्थामा विद्यार्थी तथा अभिभावकहरुलाई सुचना दिने, शिक्षण सिकाइलाई निरन्तरता दिने तथा समग्र आपत् व्यवस्थापनको लागि चाहिने सामग्रीहरु कमलामाई नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा स्टोर गरी राखिने छ र आवश्यकतानुसार त्यसको व्यवस्थापन र उपयोग गर्ने जिम्मेवारी शिक्षा शाखाको रहने छ ।
- आपत्कालीन अवस्थाको सूचना दिने काम सम्बन्धित विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा प्रअ र शिक्षक स्टाफबाट हुने छ ।
- सूचना प्राप्त हुनासाथ अवस्थाको विश्लेषण गरी वैकल्पिक व्यवस्थापनको जिम्मेबारी पनि म्बन्धित विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा प्रअ र शिक्षक स्टाफबाट हुने छ ।
- स्टोरमा रहेका आपत्कालीन सामग्रीहरुको अपर्यप्तता भएको त्यसको थप ब्यवस्थापन नगरपाालिकाले गर्ने छ ।
- विपद्कालीन अवस्था विद्यमान रहको विद्यालयका प्रधानाध्यापकले शिक्षाशाखालाई समयमै जानकारी दिई आवश्यक सामग्री माग गरी सिकारुलाई पठनपाठनमा सहजीकरण गर्नुपर्ने छ ।
- सामग्री वितरण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था परिस्थितिजन्य विश्लेषण पश्चात् तत्कालीन रुपमा सहज हुने गरी ब्यवस्थित गर्नुपर्ने हुन्छ ।
- प्लान इन्टरनेशनल नेपाल तथा मानव तथा राष्ट्रिय विकास समाज (ह्याण्ड्स) नेपाल सिन्धुली मार्फत आपतकालिन अवस्थामा सिकाइ सहजीकरणका लागि प्राप्त गरेका सामग्रीहरुको समुचित प्रयोग तथा व्यवस्थापनको लागि यस कमलामाई नगरपालिकाको शिक्षा शाखामा रहनी गरि हस्तान्तरण गरिएकोमा उक्त सामग्री शिक्षा शाखाले आवश्यकता हेरी उपयुक्तताको आधारमा समितिको बैठक बसी सम्वन्धित विद्यालय वा विद्यार्थीहरुलाई वितरण गर्ने छ । सोको भर्पाइ शिक्षा शाखामा रहने छ । आपतकालिन अवस्थामा आवश्यक पर्ने सिकाइ सहजीकरण सँग सम्वन्धीत सामग्री प्रत्येक आ.व.मा कमलामाई न.पा.ले खरिद गरि वा अन्य संघ संस्था लाई अनुरोध गरि आपतकालिन सामग्री शिक्षा शाखाको स्टोररमा राखिने प्रबन्ध गरिने छ ।